

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत १५ गते बुधबार ❑ 29 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## राष्ट्रिय क्रिकेट खेलाडी गण्डकी प्रदेशमा नगद सहित सम्मानित

**पोखरापत्र संवाददाता**

पोखरा १४ चैत

राष्ट्रिय क्रिकेट खेलाडीलाई गण्डकी प्रदेश सरकारले सम्मान गरेको छ । राष्ट्रिय क्रिकेट टीमका युवा खेलाडी करण केसी सहित ४ जना क्रिकेटरलाई नगद सहित प्रदेश सरकारले मंगलबार पोखरामा सम्मान गरेको हो ।



प्रदेशको सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयमा आयोजित एक समारोहका बिच केसी सहित १९ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू-१९) राष्ट्रिय क्रिकेट टोलीका सदस्य अर्जुन कुमाल, दिपकराज डुम्रे र सुभाष भण्डारीलाई सम्मान गरिएको प्रदेश खेलकुद परिषद गण्डकीका का.वा. सदस्य सचिव घनश्याँम पौडेलले बतए । उनका अनुसार खेलाडीहरुलाई जनही नगद ५० हजार सहित सम्मान पत्रले सम्मान गरिएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी, सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री पंचराम गुरुङ, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, मन्त्रालयका सचिव हेमराज सुवेदी, परिषदका का.वा.सदस्य सचिव पौडेल लगायतले प्रदेशको इज्जत सहित नेपालको नाम राख्न महत्वपूर्ण भुमिका खेलेको भन्दै खेलाडीहरुको हौसला स्वरुप सम्मान गरेका हुन् । गत चैत २ गते सम्पन्न लिग टु क्रिकेटमा नेपाललाई क्वालिफायर राउण्डमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेका केसीले प्रदेशमा गरिएको सम्मानले आफुहरुलाई थप हौसला प्राप्त भएको बताए । भारतबाट क्रिकेट खेल्न सुरु गरेका उनले ९ बर्षको दौरानमा नेपालको ठुलो सफलता हासिल गर्न आफ्नो सानो भुमिका रहेको उल्लेख गरे । बागलुङका केसीले आफ्नो देशमा क्रिकेटको धेरै सम्भावना भएकोले यहाँ क्रिकेटको अन्तराष्ट्रिय मैदान निर्माण गर्न माग गरे । खेलाडीहरुको प्रोत्साहन र हौसलाको लागि यस्ता कार्यक्रम आवश्यक भएको उनले बताए ।

मुख्यमन्त्री अधिकारीले खेलाडीको हौसला र प्रोत्साहन गर्न थोरै भए पनि नगद सहित सम्मा गरिएको बताउदै पोखरामा अन्तराष्ट्रिय क्रिकेट मैदान बनाउन आवश्यक पहल गर्ने बताए । नेपालको विजयी हुने वा नहुने अन्तिम घडीमा लाखौं नेपालीहरुले खेलाडीहरुको खेललाई निहालेको बताउदै मुख्यमन्त्री अधिकारीले खेलाडीहरुले नेपालीले चाहे भन्दा उत्कृष्ट खेल प्रदर्शन गरेको दाबी गरे । नेपालको नक्सा र झण्डा विश्वका मुलुक भन्दा भिन्न भएको दाबी गर्दै उनले नेपाली विश्व सामु कहिलै नजुकेको दाबी गरे । गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष देवेन्सन प्रजुले अन्य प्रदेश भन्दा गण्डकीमा खेलाडी सम्मान ढिलो भएको गुनासो गर्दै पोखरामा ३० बर्ष अघि क्रिकेट एकेडेमीको चर्चा चले पनि त्यसलाई मुर्त रुप दिन ढिला हुनुले प्रदेश र पोखरेलीलाई धेरै अवसरहरु गुमाएको बताए । काठमाण्डौ पछि अन्तराष्ट्रिय क्रिकेट मैदान तथा बैकल्पिक क्रिकेट मैदानको रुपमा पोखरामा क्रिकेट एकेडेमी आवश्यक भएको उनले माग गरे । धनगढीमा केही समय अघि सम्पन्न भएको यू–१९ महिना क्रिकेटमा प्रथम भएको गण्डकी प्रदेशको महिला खेलाडीलाई प्रदेश सरकारले दिने भनेको जनही ५० हजार अझै खेलाडीहरुले नपाएको अध्यक्ष प्रजुले गुनासो गरे । पोखरामा अन्तराष्ट्रिय क्रिकेट मैदान बनाउने बिषयमा आफुहरु निकै सकरात्मक भएको मन्त्री गुरुङले बताए । पोखरालाई पर्यटनसंगै अब खेलकुदको राजधानिको रुपमा विकास गर्न जरुरी रहेको उनको भनाई थियो । यू-१९ विश्वकपमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेका बागलुङका भण्डारी, गुल्मी जन्म थलो भए पनि पोखरा ६ मा कर्मथलो बनाएका कुमाल, स्याङजा वालिङका डुम्रेलाई यस अघि भूर्तपूर्व खेलाडी मञ्च नेपालले समेत पोखरामा सम्मान गरेको थियो ।

## बालकको मृत्यु भएपछि पोखरी व्यवस्थापनमा चासो

**पोखरापत्र संवाददाता**

पोखरा, १४ चैत

गत फागुन ७ मा धारापानीका चार वर्षे बालक सुहान केसी बेपत्ता भए । उनको चारैतिर खोजी भयो तर बालकको शव भोलिपल्ट मात्रै नजिकको ठूली पोखरीमा भेटियो ।

उक्त घटनापछि आक्रोशित स्थानीयले पोखरीको संरक्षण नहुँदा बालकको ज्यान गएको भन्दै पोखरी व्यवस्थापनका लागि स्थानीय तहलाई झक्झकाए । तारबार नगरेको, जलकुम्भी र अन्य फोहरले पोखरीका कारण बालकको मृत्यु भएको उनीहरूको बुझाइ थियो ।

स्थानीयले पोखरी संरक्षणको आवाज उठाएपछि पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य घटनास्थल पुगेर जोखिममुक्त पोखरीको व्यवस्थापनका लागि आवश्यक रकमविनियोजनगर्नेप्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । अहिले भने पोखरा महानगरपालिका-५ धारापानी मार्गमा रहेको ठूली पोखरीले भने आफ्नो स्वरुप फेर्न थालेको छ ।

सोही अनुसार अहिले ठूली पोखरी संरक्षण एवम् निर्माण समिति बनाएर काम अघि बढाइएको वडा नं ५ का वडाध्यक्ष विष्णुप्रसाद बरालले जानकारी दिनुभयो । उहाँले अप्रिय घटनापछि मात्र तालको संरक्षण र व्यवस्थापनका लागि पहल भएको स्वीकार्दै अब थप मानवीय क्षति हुन नदिन र पोखरीको सौन्दर्यतालाई कायम गर्न वडाले पहल गरेको बताउनुभयो । "बालकको शव पोखरीमा भेटिएपछि सबैको ध्यानाकर्षण भएको हो । अहिले जोखिममुक्त पोखरी बनाउने कार्यअघि बढेको छ", बरालले भन्नुभयो । घटनापछि सामाजिक अभियन्ता अञ्जु केसीको संयोजकत्वमा पोखरी व्यवस्थापनका लागि १३ सदस्यीय समिति गठन भइ सक्रिय रूपमा काम भइरहेको जानकारी दिनुभयो ।

उहाँका अनुसार २०६२ सालको नापी अनुसार पोखरीको क्षेत्रफल साढे १० रोपनी छ । अहिले महानगरले पोखरीमा तारबारको लागि रु नौ लाख १७ हजार रकम विनियोजन पश्चात काम अघि बढेको समितिका अध्यक्ष केसीले जानकारी दिनुभयो । उहाँका अनुसार काललाई जोखिममुक्त बनाएर सुन्दर बनाउने काम भइरहेको छ । निकट भविष्यमै थप व्यवस्थित र पर्यटकका लागि आर्कषक गन्तव्यको रूपमा विकास गर्ने लक्ष्य लिएर काम अघि बढेको उहाँले बताउनुभयो । "यो तालको आफ्नै महत्व छ तर यसको संरक्षण र व्यवसस्थापन तर्फ ध्यान नदिँदा एक बालकले अनाहकमा ज्यान गुमाउनु पऱ्यो", नागरिक समाजका अगुवा रामबहादुर पौडेलले भन्नुभयो, "तालतलैया पोखरी प्राकृतिक सम्पदा हुन्, यसको बेलैमा संरक्षण र सम्वर्द्धन गरेको भए एक बालकले अनाहकमा ज्यान गुमाउनु पर्दैनथ्यो ।"

पोखरी व्यवस्थापनका लागि समितिको आयोजना र पोखरा महानगरपालिकाको सहयोगमा वडा कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीलगायत स्थानीयको उपस्थितमा दुई चरणमा पोखरी सफा गर्ने काम भइसकेको छ ।

## जनतासँग गरिएका सङ्कल्प बिर्सन हुँदैनः सभापति शर्मा

**पोखरापत्र संवाददाता**

पोखरा, १४ चैत

नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले निर्वाचनका क्रममा जनतासँग गरिएका सङ्कल्प बिर्सन नहुने बताउनुभएको छ ।

नेपाली कांगेस गण्डकी प्रदेश कार्यसम्पादन समितिको सोमबार बसेको बैठकमा उहाँले प्रदेश तथा सङ्घको निर्वाचनमा आम जनताको विश्वासका कारण पहिलो दल बनेको जनाउँदै उहाँले जनताबीच गरिएका प्रतिबद्धतालाई बिर्सन नहुने बताउनुभयो । "हामीले जनतासँग एउटा सङ्कल्प गरेका छौं, जुन विश्वासलाई अब काममा देखाउने अवस्था आएको छ । हिजोको कामलाई अध्ययनमा राखेर कसैलाई भेदभाव नगरी नकरात्मक टिप्पणी नउठ्ने गरी सावधान रहेर सत्तामा रहेका र पार्टीमा रहेका सम्पूर्णले सकरात्मक काम गर्नुपर्छ", उहाँले भन्नुभयो । अब पाँच वर्षपछि निर्वाचनमा जाँदा जनताले प्रत्यक्ष मनन गर्ने गरी काम गरेमा मात्र जनताको आशा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'सामना जनसङ्गीत अभियान'

**पोखरापत्र संवाददाता**

पोखरा, १४ चैत

गत फागुन २७ गते नुवाकोटको ककनीबाट सुरु भएको 'सामना जनसङ्गीत अभियान' धादिङ, तनहुँ, कास्की, पर्वत, म्याग्दी, बागलुङ हुँदै पश्चिमरुकुम पुगेको छ ।

मध्यपहाडी लोकमार्ग छेउछाउका गाउँबस्ती र सहरलाई समेटेर नेपाल कम्युनिष्ट पार्टीले उक्त साङ्गीतिक अभियान चलाएको हो । अभियानमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घअन्तर्गत सामना सांस्कृतिक परिवारका २० कलाकार सहभागी छन् । अभियानको नेतृत्व सामनाका अध्यक्ष आरोहले गरिरहनुभएको छ । कला र गीत-सङ्गीतकामार्फत जनतालाई जागरुक र सुसूचित गर्न अभियान थालिएको सामनाका अध्यक्ष आरोहले बताउनुभयो । "अभियानका क्रममा जनवादी गीत, नृत्य, नाटकलगायत प्रस्तुति दिँदै हिँडिरहेका छौँ", उहाँले भन्नुभयो, "यही चैत अन्तितममा बाजुरा पुगेर साङ्गीतिक यात्रा टुङ्गिन्छ ।" जाजरकोट, सुर्खेत हुँदै अभियानमा सूदुरपश्चिमका पहाडी जिल्लामा पुग्नेछ । कार्यक्रम व्यवस्थापनमा स्थानीय पार्टी समिति र शुभेच्छुकहरूबाट सहयोग प्राप्त भइरहेको नेकपाले जनाएको छ ।

नेकपाका केन्द्रीय सदस्य एवं धवलागिरि इन्चार्ज विकिरण क्षेत्रीले साङ्गीतिक अभियानमा पार्टीको विचार सम्प्रेषणलाईपनि सँगसँगै जोडिएको बताउनुभयो । "कलाकारको प्रस्तुति सँगसँगै नेतृत्वबाट वैज्ञानिक समाजवादबारे पार्टीको नीति र दृष्टिकोण राख्ने काम हुन्छ", उहाँले भन्नुभयो, "जनताको उपस्थिति र साथले हामी उत्साहित नै छौँ, यस किसिमको अभियानले पार्टीलाई तलसम्म स्थापित गर्न सघाउँछ ।"

उहाँले मध्यपहाडी लोकमार्गलाई आधार मानेर त्यस आसपासका जिल्लामा पहिलो चरणको साङ्गीतिक अभियान चलाइएको बताउनुभयो । पश्चिमको यात्रा सकिएपछि दोस्रो चरणमा पूर्वी नेपालका पहाडी जिल्लामा जनसङ्गीत अभियान सुरु हुने उहाँको भनाइ छ ।

नेकपाका केन्द्रीय सदस्य क्षेत्रीले मुलुकको आमूल परिवर्तनका लागि एकीकृत जनक्रान्तिको आवश्यकता औँल्याउनुभयो ।

"अहिलेका सबै राजनीतिक दलले समाजवादको कुरा त गर्छन्, जनताले चाहेजस्तो समाजवाद ल्याउन सम्भव छैन", उहाँले भन्नुभयो । नेकपालगायत विभिन्न कम्युनिष्ट पार्टी निकट कलाकारको अगुवाइमा 'राष्ट्रका लागि सङ्गीत अभियात्रा' पनि अहिले सञ्चालन भइरहेको छ ।

## एमालेलाई कमजोर बनाउने खेल भयो : एमाले अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**

पोखरा, १४ चैत

नेकपा (एमाले) अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले एमाले नेतृत्वको सरकारले राम्रो काम गरेकाले कमजोर बनाउने खेल भएको बताउनुभएको छ ।

एमालेको मिसन ग्रासरुट अभियानको क्रममा आज पाल्पा तानसेनस्थित दमकडामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले दश गठबन्धन र बाह्य शक्तिले एमालेलाई कमजोर बनाउने प्रयास भएको टिप्पणी गर्नुभएको हो । सरकारको नेतृत्व गर्ने अवसर पाएका बेला एमालेले देशमा राम्रो काम गरेको दाबी गर्दै अध्यक्ष ओलीले ग्रासरुट अभियानमार्फत अझ सशक्त भएर आउँदो चुनावमा बहुमत ल्याएर सरकारको नेतृत्व गर्ने बताउनुभयो ।

सुरुदेखि हालसम्म एमाले सरकारमा रहेका बेला देशको विकास र समृद्धिमा असाधारणमा काम गरेको उहाँको भनाइ छ ।

**सचेत रही ग्याँसको प्रयोग गरौं, दुर्घटनाबाट बचौं ।**

- ग्याँसको चुल्हो बालेर भान्सा छाडी टाढा नजाऔं ।
- प्रयोग गरिसकेपछि ग्याँसको चल्हो र रेगुलेटर बन्द गरौं ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं ।
- ग्याँस सिलिन्डर, रेगुलेटर र पाइप समय–समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त फेरौं ।
- ग्याँस सिलिण्डर लिँदा सिल भए⁄ नभएको तथा सिलिण्डरको समायवधि अनिवार्यरुपमा हेर्ने गरौं ।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं ।
- ग्याँस गन्हाएको बेला बिजुलीको स्वीच, सलाई, लाईटरको प्रयोग नगरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. -५२०६५१

# खेलकुदको विकासमा पूर्वाधार निर्माण पहिलो आधार

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत



खेलकुदको विकासमा पूर्वाधार निर्माण पहिलो आधार भएको एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

कास्की जिल्ला तेक्वान्दो संघको मंगलबार पोखरामा सम्पन्न भएको १३ औं बार्षिक साधारण सभामा वोल्दै वक्ताहरुले कुनै पनि खेलको विकास गर्नुपूर्व पूर्वाधार निर्माण पहिलो आधार भएको बताएका हुन् । खेलको विकास गर्न खेलकुदको भौतिक संरचना, खेल सामाग्रि, प्रशिक्षक र खेलाडीहरु बिचको सम्बन्ध राम्रो भएको खण्डमा मात्र खेलकुदको विकास हुने भएको वक्ताले जोड दिए । उक्त कार्यक्रमको उद्घाटन गर्दै प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङले कास्कीमा केही खेल संघहरु नाम मात्रका रहेको खेलगतिविधि शुन्य रहेको बताए । स्थानिय तहमा कम्तिमा ३ वटा स्थानमा संघ गठन पश्चात जिल्ला गठन गर्नुपर्ने उनले बताए । खेलकुदमा जित र हार मात्र नभई खेल पर्यटन, आर्थिक कृयाकलाम तथा सामाजिक जागरण हुने उपाध्यक्ष गुरुङको भनाई रहेको थियो ।

तेक्वान्दो संघका केन्द्रिय सदस्य मदन केसीले संघ कास्की जिल्लाको कम सक्रिय रहेको गुनासो गरे । खेलाडी उत्पादन गर्न खेलगतिविधि गर्न आवश्यक भएको उनले सुझाव दिए । ओलम्पियन नारायण गुरुङले नेपालका तेक्वान्दाको पदकमा धेरै सम्भावना भएको बताए । संघका सल्लाहकार रत्नमान गुरुङले मुलुकको राजनीतिक अवस्थाले खेलकुद प्रभावित हुने गरेको बताए । जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बानियाँले खेलकुदले राष्ट्र पहिचान सहित युवामा जागरण र सक्रियता बढाउने दाबी गरे ।

संघका अध्यक्ष कुमार गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस क्लव गण्डकीका अध्यक्ष एकराज गिरी, संघका उपाध्यक्ष कुलचन्द्र शर्मा, सचिव दिपेन्द्र पहारी, कोषाध्यक्ष किरण गौतम लगायतले खेलकुदको विकासमा पूर्वाधार निर्माण, खेल सामाग्रि, खेलाडी उत्पादनको लागि नियमित रुपमा प्रतियोगिता हुन आवश्यक भएकोमा जोड दिए ।

# अन्नपूर्ण बाल तथा महिला हस्पिटलमा ज्ञान गंगा स्कुलका विद्यार्थीको स्वास्थ्य परीक्षण

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत



अन्नपूर्ण बाल तथा महिला हस्पिटलमा एक दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

शिविर सञ्चालनमा पोखरा कै एक मात्र डी.एम नवजात शिशु तथा बालरोग विशेषज्ञ डा.राजन पौडेल, बालरोग विशेषज्ञ डा.बिधान घिमिरेले सेवा दिनुभएको थियो ।

उक्त स्वास्थ्य शिविरमा ज्ञान गंगा स्कुल पोखरा-१४ का ८३ जना बालबालिका र १८ जना अभिभावक गरि १०१ जनाले स्वास्थ्य जाँच गराएका छन् । स्वास्थ्य जाँच गर्ने क्रममा ज्ञान गंगा एकेडेमीका प्रिन्सिपल शिला थापाले अन्नपूर्ण बाल तथा महिला अस्पताललाई धन्यबाद व्यक्त गर्नु भएको छ । यसरी बालबालिकालाई निःशुल्क स्वास्थ्य चेकजाँच गरिदिदा आफ्ना अभिभाबक सचेत रहन्छन साथै आफ्ना नानिबाबुको केहि समस्या भएमा अभिभाबक बेलैमा सचेत रहेनुहुनेछ भन्ने अपेक्षा गर्दै अस्पताल परिवारप्रति आभारी रहेको बताउनु भएको छ।

सोही शिविर संचालन गर्ने क्रम मै अन्नपूर्ण बाल तथा महिला अस्पतालका निर्देशक सन्तोष पाण्डेले अन्नपूर्ण बाल तथा महिला हस्पिटल छिटो, छरितो र गुणस्तरीय सेवा दिन प्रतिबद्धता रहेको जानकारी गराउदै पोखराकै एक मात्र डी.एम नवजात शिशु तथा बालरोग विशेषता डा.राजन पौडेल रहेको जानकारी गराउदै आगामी दिनमा विद्यालयसँग सहकार्य गरि विद्यालयका बालबालिका २० प्रतिशत छुटका सेवा दिने जानकारी गराउनु भएको छ । आगामी दिनमा सामाजिक सेवा मा समर्पित रहेने प्रतिबद्दता समेत जानकारी गराउनु भएको छ । सोहि शिविर संचालन गर्ने क्रममा ज्ञान गंगाका शिक्षक शिब गौतम, सुनिता आचार्य, मैनी महर्जन, कल्पना गुरुङ, लक्ष्मी केसी तथा बालबालिका का अभिभावकको उपस्थिति रहेको थियो । यसरी स्वास्थ्य परीक्षण गरेकोमा हस्पिटलप्रति धन्यवाद समेत व्यक्त गरेका छन् ।


## Embassy of India
## Kathmandu (Nepal)

Government Of India

### Vacancy : ECHS

1. Ex-servicemen Contributory Health Scheme (ECHS) is a medical scheme launched by Govt of India to provide free medical treatment to the ex-servicemen pensioners and their dependents of Indian Armed Forces. Application are invited for the following post. Employment will be on contractual basis without any pensionary benefits.

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1 | Medical Officer | ECHS Polyclinic Pokhara |

2. Last date for submission of application for the above mentioned vacancy is **09 April 2023.** For terms & conditions and other details, kindly see our website: www.indembkathmandu.gov.in
3. Application alongwith copy of Nagrikata Praman Patra (NPP) and copies of relevant certificates may be sent at the following address.

**Pokhara**
Office-in-Charge
ECHS Polyclinic
Embassy of India
Pension Paying Office
Pokhara (Nepal)
Tele No.: 061-430232, 061-431477


# जनतासँग...

र भरोसाले सार्थकता पाउने उहाँले बताउनुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा गण्डकी प्रदेशका संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले नेपाली कांग्रेसको नेतृत्वमा गण्डकी प्रदेश सरकार बन्ने वातावरण बनेको बताउनुभयो । कांग्रेसको नेतृत्वमा सरकार बने पनि मन्त्रालयको सङ्ख्या नबढ्ने बताउँदै उहाँले जनताबाट जश पाउने गरी काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

पार्टी तहमा केन्द्र, प्रदेश र जिल्लाले जनमुखी कार्यक्रम गर्दा नजुध्ने गरी काम गर्नुपर्ने उल्लेख गर्दै उहाँले यसबाट पार्टीका विभिन्न निकाय र जनतामा थप हौसला प्रदान गर्ने बताउनुभयो ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बाँस्तोला (मधु)ले जिल्ला कार्यसमितिलाई चलायमान, गतिशील व्यवस्थित बनाउनका लागि गण्डकी प्रदेशका ११ जिल्लाका सचिव, कोषाध्यक्ष र सहसचिवसँग अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रम गर्ने बैठकले निर्णय गरेको जानकारी दिनुभयो । पार्टी सङ्गठन मजबुद बनाउनका लागि प्रदेशका ११ वटै जिल्लामा एकसाथ पार्टी सदस्यता वितरणको अभियान चलाउने निर्णय गरिएको समेत गरिएको उहाँले बताउनुभयो ।


## हार्दिक बधाई



**श्री ओम श्रीस मगर**

नेपाल मगर संघ, नमुना इकाई समिति पोखरा-१४ चाउथेका निर्वतमान अध्यक्ष तथा सल्लाहकार **श्री ओम श्रीस मगरज्यू** यहि मिति २०७९ चैत १५ गते सम्पन्न नेपाल मगर संघ पोखरा महानगर समितिको दोस्रो अधिवेशनमा सर्वसम्मत गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**प्रकाश पुन मगर**
**अध्यक्ष एवं**
**नेपाल मगर संघ, नमुना इकाई समिति**
**पोखरा-१४, चाउथे परिवार**



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस । – सास लिभोसन

**सम्पादकीय**

# हतारमा हाम नफाल

पीडित समुदाय तथा मानव अधिकारकर्मीले संक्रमणकालीन न्याय सम्बन्धी विधेयकमा भएका त्रुटि सच्याउन संसद्मा प्रतिनिधित्व गर्ने दलहरूलाई अपील गरेका छन् । पीडित समुदाय तथा मानव अधिकार संस्थाहरूले सोमबार संयुक्त अपील जारी गर्दै त्रुटि सच्याउन आग्रह गरेका छन । संसद्मा प्रतिनिधित्व गर्ने दलहरूलाई पठाइएको अपीलमा संसद्मा पेश भएको विधेयकप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न चैत ३ गते संसद्मा विधेयक दर्ता गरेको छ। त्यसमा गम्भीर त्रुटि रहेको उनीहरूले औंल्याएका छन्। उनीहरूले भनेका छन्, “विधेयकमा मूलतः विशेष अदालतको फैसला वा अन्तिम आदेशलाई सर्वोच्च अदालतमा ३५ दिनभित्र पुनरावेदन दिन सकिने, आयोगको पदावधि एक वर्षबाट दुई वर्ष हुने र महान्यायाधिवक्ताले मुद्दा चलाउने हदम्याद ६ महीनाबाट एक वर्ष हुने गरी बढाइएको बाहेकका अन्य त्रुटिपूर्ण प्रावधानहरू हुबहु राखी चालू संसद् अधिवेशनमा पेश गरिएकोप्रति असहमति जनाएका छन।, गम्भीर मानव अधिकार उल्लंघनको परिभाषा, क्षमादान, फौजदारी जवाफदेही लगायत विषयमा संशोधन विधेयकमा रहेका गम्भीर त्रुटिपूर्ण प्रावधानलाई नसच्याई पारित गरिए संक्रमणकालीन न्याय प्रक्रिया थप जटिल बन्ने र यसको अन्तर्राष्ट्रियकरण तीव्र गतिमा अगाडि बढ्ने उनीहरूको आशंका छ ।

“विधेयकमा गरिएको ‘मानव अधिकारको उल्लंघन’ र ‘मानव अधिकारको गम्भीर उल्लंघन’ भनी गरिएको वर्गीकरणले दण्डहीनतालाई प्रश्रय दिने र हिंसालाई प्रोत्साहन गर्नेछ । हत्या, यौनजन्य हिंसा, यातना, अपहरण तथा शरीर बन्धक, अङ्गभङ्ग एवं अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै कार्य लगायतका युद्ध अपराध तथा मानवता विरुद्धका अपराध समेत क्षमायोग्य हुने गरी राखिएका प्रावधान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र नेपालको सर्वोच्च अदालतले स्थापित गरेका नजीर तथा सिद्धान्त विपरीत छन । सर्वोच्च अदालतमा प्रचण्ड विरुद्ध मुद्दा परेपछि सरकारले विधेयक ल्याएको छाशान्ति सम्झौता भएको १६ वर्षसम्म संक्रमणकालीन न्याय प्रकृया नटुङगिनु सरकार र माओवादी दुवै पक्षको कमजोरी हो । समस्याको गहिराइमा नपुग्नु हो।राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो र चिन्ताको विषय रहेको यस संशोधन विधेयकलाई संसद्को संसदीय समिति प्रणाली अन्तर्गत पीडित लगायत सरोकारवालासँग अर्थपूर्ण परामर्श गरी संक्रमणकालीन न्यायसँग सम्बन्धित सर्वोच्च अदालतका आदेश तथा अन्तर्राष्ट्रिय मापदण्डहरू समेतलाई ध्यानमा राखी त्रुटिपूर्ण प्रावधानहरू सच्याएर मात्र विधेयक पारित गर्न जोडदार माग गरिएको छ ।

नेपाली कांग्रेसले टीआरसी अर्थात बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकबारे छलफल गरेको छ । कांग्रेस संसदीय दलको आयोजनामा मंगलबार सिंहदरबारमा विज्ञहरुले कांग्रेस सांसदहरूलाई प्रशिक्षण दिएका छन । जसअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पूर्वसदस्य गंगाधर अधिकारीले आयोगबाट हालसम्म भएका र अब गर्नुपर्ने विषयमा प्रकाश पार्ने कार्यक्रम रहेको छ । टीआरसीबारेको विधेयक संसदमा विचाराधीन रहेको अवस्थामा कांग्रेसले आन्तरिक छलफल गरेको छापहिला सरोकारवालासँग छलफल गरेर विधेयक ल्याउनुपर्ने हो ।प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले व्यापक छलफल नगरीकन पहिल्यै जस्तो अवस्थामा अघि बढ्न खोज्दा नागरिकको सहभागिता खोज्नु स्वभाविक हो । हतारहतारमा पास गर्नुभन्दा व्यापक छलफल बहस हुनुपर्छ। अन्तर्राष्ट्रिय समुदायले देखाएको चिन्ता र चासोलाई गम्भीरतापूर्वक लिनु आबश्यकछ ।

# दुई महिनादेखि ‘एक्सरे मेसिन’ प्रयोगविहीन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ चैत

पश्चिम म्याग्दीको दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रमा दुई महिनादेखि ‘एक्सरे मेसिन’ प्रयोगविहीन भएपछि बिरामीलाई सास्ती भएको छ। थ्री फेज विद्युत् लाइन र स्पेपलाइजर ५० केभीए जडान नहुँदा दाताले दिएको मेसिन प्रयोगविहीन भएको हो । एक्सरे मेसिन प्रयोगमा नआउँदा बिरामीलाई सदरमुकाम बेनी आउनुपर्ने बाध्यता छ ।

लायन्स क्लब अफ म्याग्दी दरवाङको पहलमा लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट-३२५ आई नेपालले उपलब्ध गराएको ५०० एमए एक्सरे मेसिन उपयोगहीन भएको लायन्स क्लब अफ दरबाङका अध्यक्ष थमन गौतमले जानकारी दिनुभयो । स्वास्थ्य केन्द्रमा पश्चिम म्याग्दीको मालिका, धवलागिरी गाउँपालिका साथै छिमेकी बागलुङका विभिन्न बस्तीबाट बिरामी आउने गर्दछन् । दैनिक ३० देखि ४० जनाले सेवा लिने केन्द्रमा अतिआवश्यक एक्सरे मेसिन नै प्रयोगमा नआएपछि समस्या भएको उहाँले बताउनुभयो । स्वास्थ्य केन्द्रका डा विजय शर्माले भन्नुभयो, “एक्सरे मेसिन प्रयोग नहुँदा समस्या भएको छ, विद्युत् आपूर्ति गरी सञ्चालनको पहल भइरहेको छ ।” उहाँका अनुसार स्पेपलाइजर ५० केभीएको मेसिन मालिका गाउँपालिकाले खरिद गर्ने सम्झौता भएको छ। एक्सरे मेसिन प्रयोगका लागि निक साइमनबाट रेडियोग्राफर सुमन चक्रधरसमेत केन्द्रमा कार्यरत हुनुहुन्छ । लायन्स क्लबले केन्द्रलाई कम्प्युटर रेडियोग्राफी सिस्टम एक थान, युएसजी र इलेक्ट्रोटोटल एनालाइजर मेसिन उपलब्ध गराएको थियो। लायन्स क्लबका पदाधिकारीले गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जाली, मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा, वडाध्यक्ष पथबहादुर रोकाको उपस्थितिमा ती मेसिन हस्तान्तरण गरिएको जनाइएको छ।

# वडाध्यक्ष बरालजोडी वडाध्यक्ष कप व्याडमिण्टनको फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ चैत



रुद्रनाथ बराल र अशोक श्रेष्ठको जोडी पोखरा महानगरपालिका वडा नम्बर ८ स्तरिय व्याडमिण्टन प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

वडा नम्बर ८ को आयोजना तथा युनिक व्याडमिण्टन क्लवको संयोजनमा सिर्जनाचोकस्थित बराल सामुदायिक भवनको हलमा मंगलबारदेखि शुरु प्रतियोगितामा भेट्रान्सतर्फको डबल्समा वडाध्यक्ष समेत रहेका बरालको जोडीले फाइनलमा स्थान बनाएको हो । बराल जोडीले पहिलो खेलमा श्रीराम घिमिरे र कर्मा लामालाई तथा दोश्रो खेलमा रामकृष्ण तिमिल्सीना र गंगाबहादुर सुवेदीको जोडीलाई पराजित गरेको थियो। अब यो जोडीले उपाधीका लागि सरोज श्रेष्ठ र सुनिल पौडेलको जोडीसंग बुधबार प्रतिस्पर्धा गर्नेछ। सरोज जोडीले पहिलो खेलमा रेशम गुरुङ्ग र जसबहादुर गुरुङ्गलाई तथा दोश्रो खेलमा रबिन धमला र फुर्वा छिरिङ गुरुङ्गको जोडीलाई पराजित गरेको थियो । त्यस्तै, ओपनतर्फ मंगलबार भएको खेलहरुमा सुरेश तामाङ्ग र नारायण रानामगरले नविन गुरुङ्ग र अभिषेक थापाको जोडीलाई, अखिल कुमार शाही र रेशम थापाले थमन र जिवन गुरुङ्गको जोडीलाई पराजित गरे।

अन्य खेलहरुमा विशाल अधिकारी र रामचन्द्र रामदामको जोडीले रामु मगर र जगत गुरुङ्गको जोडीलाई, देवन मगर र सूर्य थापाको जोडीले एकबहादुर र सूर्य बुढाथोकीलाई, श्याम थापा र दिल सुनारीले देवेन्द्र गुरुङ्ग र जुक्तमान गुरुङ्गलाई तथा चन्द्र गुरुङ्ग र नरबहादुर थापाले सूर्य पौडेल र योगेश श्रेष्ठलाई पराजित गरे । यसअघि वडाध्यक्ष रुद्रथान बराललले अफिसियललाई खेल समाग्री हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गरेका थिए । सो अवसरमा उनले वडावासीविच भाइचारा सम्बन्ध प्रगाढ पार्न तथा स्वास्थ्य समाज निर्माणका लागि वडाले यो प्रतियोगिता आयोजना गर्दै आएको बताए। यो कार्यक्रमलाई रातो किताबमै राखेर हरेक वर्ष उत्कृष्ट बनाउँदै लैजाने उनको भनाई थियो । कार्यक्रमका विशेष अतिथि वडा नम्बर ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले आगामी वर्षहरुबाट आफ्नों वडाले पनि खेलकुदका क्रियाकलाप शुरु गर्ने जनाए।

वडा नम्बर ५ का पूर्ववडाध्यक्ष डिवी नेपालीले महानगरका हरेक वडाले आ-आफ्नों वडामा खेलकुद गतिविधी सञ्चालन गर्नुपर्नेमा जोड दिए। वडा सचिव सविता ढुङ्गानाले सञ्चानल गरेको कार्यक्रममा वडा सदस्य गोविन्द बराललले स्वागत गरेका थिए। दुई दिने प्रतियोगितामा ४२ खेलाडीले भाग लिएका छन्।


वडाध्यक्ष बरालजोडी वडाध्यक्ष कप व्याडमिण्टनको फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १४ चैत

रुद्रनाथ बराल र अशोक श्रेष्ठको जोडी पोखरा महानगरपालिका वडा नम्बर ८ स्तरिय व्याडमिण्टन प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

वडा नम्बर ८ को आयोजना तथा युनिक व्याडमिण्टन क्लवको संयोजनमा सिर्जनाचोकस्थित बराल सामुदायिक भवनको हलमा मंगलबारदेखि शुरु प्रतियोगितामा भेट्रान्सतर्फको डबल्समा वडाध्यक्ष समेत रहेका बरालको जोडीले फाइनलमा स्थान बनाएको हो । बराल जोडीले पहिलो खेलमा श्रीराम घिमिरे र कर्मा लामालाई तथा दोश्रो खेलमा रामकृष्ण तिमिल्सीना र गंगाबहादुर सुवेदीको जोडीलाई पराजित गरेको थियो। अब यो जोडीले उपाधीका लागि सरोज श्रेष्ठ र सुनिल पौडेलको जोडीसंग बुधबार प्रतिस्पर्धा गर्नेछ। सरोज जोडीले पहिलो खेलमा रेशम गुरुङ्ग र जसबहादुर गुरुङ्गलाई तथा दोश्रो खेलमा रबिन धमला र फुर्वा छिरिङ गुरुङ्गको जोडीलाई पराजित गरेको थियो । त्यस्तै, ओपनतर्फ मंगलबार भएको खेलहरुमा सुरेश तामाङ्ग र नारायण रानामगरले नविन गुरुङ्ग र अभिषेक थापाको जोडीलाई, अखिल कुमार शाही र रेशम थापाले थमन र जिवन गुरुङ्गको जोडीलाई पराजित गरे । अन्य खेलहरुमा विशाल अधिकारी र रामचन्द्र रामदामको जोडीले रामु मगर र जगत गुरुङ्गको जोडीलाई, देवन मगर र सूर्य थापाको जोडीले एकबहादुर र सूर्य बुढाथोकीलाई, श्याम थापा र दिल सुनारीले देवेन्द्र गुरुङ्ग र जुक्तमान गुरुङ्गलाई तथा चन्द्र गुरुङ्ग र नरबहादुर थापाले सूर्य पौडेल र योगेश श्रेष्ठलाई पराजित गरे । यसअघि वडाध्यक्ष रुद्रथान बराललले अफिसियललाई खेल समाग्री हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गरेका थिए । सो अवसरमा उनले वडावासीविच भाइचारा सम्बन्ध प्रगाढ पार्न तथा स्वास्थ्य समाज निर्माणका लागि वडाले यो प्रतियोगिता आयोजना गर्दै आएको बताए। यो कार्यक्रमलाई रातो किताबमै राखेर हरेक वर्ष उत्कृष्ट बनाउँदै लैजाने उनको भनाई थियो । कार्यक्रमका विशेष अतिथि वडा नम्बर ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले आगामी वर्षहरुबाट आफ्नों वडाले पनि खेलकुदका क्रियाकलाप शुरु गर्ने जनाए । वडा नम्बर ५ का पूर्ववडाध्यक्ष डिवी नेपालीले महानगरका हरेक वडाले आ-आफ्नों वडामा खेलकुद गतिविधी सञ्चालन गर्नुपर्नेमा जोड दिए । वडा सचिव सविता ढुङ्गानाले सञ्चानल गरेको कार्यक्रममा वडा सदस्य गोविन्द बराललले स्वागत गरेका थिए । दुई दिने प्रतियोगितामा ४२ खेलाडीले भाग लिएका छन् ।


# तीन दशकपछि चैतेदशैँ मेला

**पोखरापत्र संवाददाता**
पर्वत, १४ चैत

कुश्मा नगरपालिका-१२ बाटुलेचौर स्थित कालिका मन्दिरमा तीन दशकपछि चैतेदेशैँ मेला लागेको छ।

ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वको सो मन्दिर परिसरमा चैत्राष्टमीका अवसरमा मेला लागेको हो । चैतेदशैँ मेलालाई वडा कार्यालयले पुनःजागरण गर्दै यस वर्षदेखि पुनः सुरुआत गरेको हो । चैतेदशैँ अवधिभर मन्दिरमा पूजाआजा, बलि दिने, भजनकीर्तनलगायतका कार्यक्रम सुरु भएको वडाध्यक्ष झलक रिमालले जानकारी दिनुभयो।

राजा दशरथले आफ्ना भाञ्जा श्रवणकुमारको हत्या गरेको पाप मोचन गर्न बाटुलेचौरमा आएर अश्वमेध यज्ञ गरेको र सोही समयदेखि सो स्थानमा पूजाआजा तथा मन्दिरको निर्माण गरिएको स्थानीयवासीको भनाइ छ। भृगु ऋषिको तपस्या स्थलसमेत मानिने सो ठाउँमा रहेका विभिन्न सम्पदाको समेत संरक्षण नहुँदा चोरी भएका छन्।

पछिल्लो समय मन्दिरको संरक्षण र संवर्द्धनमा व्यवस्थापन समितिले समेत सक्रियता देखाएको छ। करिब दुई सय वर्ष पुराना संरचना भएको भए पनि विसं १९७० मा स्थानीय पण्डित कृतिनाथ उपाध्यायले निर्माण गर्नुभएपछि नियमित पूजा हुँदै आएको यो मन्दिरमा अहिले पनि नेपालका विभिन्न जिल्लाबाट पूजाआजा गर्न दर्शनार्थी पुग्ने गर्दछन् । आजभन्दा तीन दशकअघिसम्म चैतेदेशैँ र बडादशैँको अवसरमा ठूलो मेला लाग्दथ्यो। हप्तौं दिनसम्म ठूलो हाटबजार समेत लाग्ने गरेको थियो । तर पछिल्लो समयमा लोप हुँदै गएको मेला मन्दिर परिसरको व्यवस्थापन, साजसज्जा, बरपिपलको वृक्षरोपण गरिएपछि पुनः सुरु गर्न थालिएको कालिका मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गणेश पौडेलले बताउनुभयो।

विगत चार वर्षअघि तीनदिने मेला सञ्चालन हुँदा पनि हजारौँ दर्शकको सहभागिता रहेको थियो । यस वर्षदेखि हरेक चैत्राष्टमी र वडादशैँमा व्यवस्थित मेला सञ्चालन गरी यस क्षेत्रको प्रचार-प्रसार र प्रवर्द्धन गर्न थालिएको अध्यक्ष पौडेलले बताउनुभयो । ठूलो महत्व बोकेको र हजारौँ दर्शनार्थी आउने मन्दिरको संरक्षणमा पर्याप्त बजेट विनियोजन नहुँदा काम गर्नसमेत समस्या हुने गरेको व्यवस्थापन समितिको भनाइ छ । प्राचीन मूर्तिहरू रहेको मन्दिरमा विसं २०३२ मा कालिकाको बहुमूल्य मूर्तिसमेत चोरी भएको र हालसम्म कहीँकतैबाट फेला पार्न नसकिएको मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष राजेश पौडेलले बताउनुभयो । साथै मन्दिरबाट पुरातात्विक महत्वका हातहतियार, पुरान शङ्ख, घन्टीलगायतका सामान र मूर्तिसमेत हराएका छन्।

पुरातत्व विभागले पुराना मठमन्दिर तथा पुरातात्विक संरचनाको संरक्षणमा करोडौँ रुपैयाँ खर्च गर्ने भए पनि कालिका मन्दिरमा भने कुनै चासो नदिएको मन्दिर संरक्षण समितिले जनाएको छ।


**तपाईको आज**

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



**सार्वजनिक सुनूवाई कार्यक्रम सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः२०७९/१२/१५)

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, मुस्ताङ जिल्ला, बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका, वडा नं. ०१ मा होटल ग्राण्ड सम्बाला प्रा.लि. को प्रस्तावित होटल ग्राण्ड सम्बाला संचालन सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन उपर प्रस्तावित होटल परिसरमा मिति २०७९/१२/१५ गते बुधबारको दिन बिहान ८:३० बजे सरोकारवालाहरुको उपस्थितीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु।

**आयोजक**
**होटल ग्राण्ड सम्बाला प्रा.लि.**



**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १८ चिसाखोला मेथलाङ् मोटरवाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः चिसाखोला मेथलाङ् मोटरबाटो ढलान निर्माण
स्थानः पोखरा-१८ चिसाखोला, कास्की
योजना सम्झौता मिति : २०७९/११/१५ गते
योजना सुरु भएको मिति : २०७९/१०/१९ गते
योजना सम्पन्न मितिः २०७९/१२/१३ गते
योजनाको कुल लागत : रु. २२,२२,८०३.९३।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२०,००,०००।-
जन सहभागितावाट : रु. २,२२,८०३.९३।-
उपभोक्ता समिति अध्यक्षः गणेश देवकोटा

**चिसाखोला मेथलाङ् मोटरबाटो ढलान निर्माण उपभोक्ता समिति पोखरा-१८, चिसाखोला, कास्की**

